मिति २०८१/१२/२८ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	शम्भुप्रसाद मैनाली, गौरी कुमारी र हिरा कुमारी श्रेष्ठ (विशेष अदालतको मुद्दा नं. ०७९-CR-०१०९ र फैसला मिति २०८०/११/३०)	राजमार्गसँग जोडिएको जग्गालाई बाटो नभएको भनी गलत घरबाटो सिफारिस गरी राजश्व हानीनोक्सानी गरेको	**प्रतिवादी हरिवन नगरपालिका वडा नं. १० का तत्कालीनका तथा हाल समेतका वडा अध्यक्ष शम्भु प्रसाद मैनालीले खेतीयोग्य बाटो नभएको** भनी राजस्व हानीनोक्सानी गर्ने बदनियतका साथ गलत घरबाटो प्रमाणित गरी रु.९,३६,०००।- राजश्व रकम हानीनोक्सानी गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसूरमा निज उपर रु.९,३६,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिम सजायं हुन मागदावी लिइएको। **प्रतिवादी हालैदेखिको बकसपत्रको लिखत पारित गरिदिने गौरी कुमारीले** पूर्वपश्चिम राजमार्गसँग जोडिएको थाहाहुँदा हुँदै खेती योग्य बाटो नभएको भनी हरिवन	**फैसलाः** प्रतिवादीहरुलाई अभियोग मागदावी सफाई दिने ठहर गरी फैसला भएको। **विशेष अदालतले फैसला गर्दा लिएका आधारः** **क.** प्रतिवादीहरुले कसूरमा इन्कार रही वयान गरेको। **ख.** विवादसंग सम्वन्धित कि.नं. ३५१ को जग्गामा राजमार्गबाट प्रवेश गर्ने प्रयोजनका लागि निकास बाटो देखिए पनि मोहोडा भाग पुरै बाटोले छोएको अवस्था	**उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ** **क.** जिल्ला सर्लाही, हरिवन नगरपालिका वडा नं. १० नयाँरोड बजार अन्तर्गत पूर्व पश्चिम राजमार्गसँग जोडिएको कित्ता नं.३५१ क्षेत्रफल १-४-१३ जग्गाको जग्गाधनी प्रतिवादी गौरी कुमारीले घरबाटो सिफारिसका लागि वडा कार्यालयमा निवेदन गरी उक्त वडाका अध्यक्ष प्रतिवादी शम्भु प्रसाद मैनालीले उक्त जग्गा खेती योग्य बाटो नभएको भनी गलत घरबाटो प्रमाणित गरेको कारणले नेपाल सरकारको राजश्व खातामा रकम रू.९,८६,०००।- जम्मा हुनुपर्नेमा बाटो नभएको जग्गा भनी पास गरि पाउने प्रतिवादी हिरा कुमारी श्रेष्ठले रजिष्ट्रेशन बापत जम्मा रकम रू.५०,०००।- मात्र बुझाई रू.९,३६,०००।- राजश्व रकम नेपाल सरकारलाई हानीनोक्सानी गरी गराई भ्रष्टाचारजन्य कसूर गरेको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा अनुसन्धानका क्रममा प्रतिवादीहरुले कित्ता नं. ३५१ जग्गामा घर नभएको र खेती योग्य बाटो नभएको उल्लेख गरी मालपोत कार्यालय, हरिवन सर्लाहीलाई घरबाटो सिफारिस दिएको हो, उक्त जग्गालाई खेती योग्य बाटो नभएको उल्लेख गरी सेवाग्राहीले राजश्व छली गर्ने उद्देश्य राखेको देखिन्छ भनी कसूरको कार्यमा संलग्नता स्वीकार गरी हरिवन नगरपालिका वडा नं. १० का वडा अध्यक्ष प्रतिवादी शम्भु प्रसाद मैनालीले बयान गरेको देखिन्छ भने जग्गा बकसपत्र गरी दिने तथा वडा कार्यालयमा जग्गा सिफारिसको निवेदन पेश गर्ने प्रतिवादी गौरी कुमारीले "मैले दिएको निवेदनको आधारमा वडा नं. १० को कार्यालयले मालपोतलाई सिफारिस गरेको र सोही आधारमा उक्त मूल्यांकन निर्धारण गरिएको हो। खेतीयोग्य बाटो भएको उक्त कित्ता नं. ३५१ को जग्गालाई खेती योग्य नभएको उल्लेख गरी बकस गर्दा दाखिला गर्ने रकममा फरक पर्न गयो भन्ने वयान उल्लेख गरेको देखिन्छ। अर्का जग्गा वकसपत्र गरी लिने प्रतिवादी हिराकुमारी श्रेष्ठले पनि "राजश्व दाखिलामा फरक पर्न गएको रकम रु.९,३६,०००।- को जिम्मेवार वडा अध्यक्षलाई दिन्छु किनभने वडाको सिफारिस अनुसार हामीले राजश्व तिर्ने हो" भनी यी प्रतिवादीहरुले एक अर्कालाई पोल गरी, कसूर भएकोमा स्वीकार गरी गरेको वयान बेहोरा, घटनाका सम्वन्धित व्यक्तिहरुले गरेको कागज, उक्त जग्गा राजमार्गसंग जोडिएको छ भन्ने उल्लेख भएको, यी प्रतिवादीहरु शम्भु प्रसाद मैनाली र गौरी कुमारी समेत रोहवरमा बसेको मिति२०७९।०८।०९ गतेको स्थलगत मुचुल्का लगायतका प्रमाणहरुलाई

			नगरपालिका वडा नं. १० को घरबाटो प्रमाणित सिफारिस पत्र लिई सो पत्रबमोजिम पूर्वपश्चिम राजमार्गसँग जोडिएको जग्गाको बाटो नभएको भनी न्यूनतम मूल्यभन्दा कम थैली रकम राखी हिरा कुमारी श्रेष्ठलाई हालैदेखिको बकसपत्रको लिखत पारित गरी दिई रु.९,३६,०००।- राजश्व रकम हानीनोक्सानी गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा निज उपर रु.९,३६,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायं गरी उक्त बिगो रकम समेत जफत गर्न मागदावी लिइएको। **प्रतिवादी हालैदेखिको बकसपत्रको लिखत पारित गरिलिने हिरा कुमारी श्रेष्ठले** पूर्वपश्चिम राजमार्गसँग जोडिएको थाहा हुँदाहुँदै पनि उक्त कित्ता नं. ३५१ को जग्गालाई खेती योग्य बाटो नभएको भनी	नदेखिएको। **ग.** प्रतिवादीहरु गौरी कुमारी र हिराकुमारी श्रेष्ठले वडा कार्यालयको सिफारिसका आधारमा राजश्व प्रयोजनको लागि जग्गाको मुल्यांकन गरी राजश्व कायम भएको अवस्थामा यि प्रतिवादीहरुको बदनियत नदेखिँदा प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित प्रमाणबाट अभियोजन पक्षले पुष्टि गर्न नसकेको।	फैसला गर्दा, प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) र (२) बमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै देखिन्छ। तर उक्त कागज प्रमाणलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने मनसायले प्रतिवादीहरुले ईन्कारी वयान गरेको भन्ने आधार ग्रहण गरी भएको प्रस्तुत फैसला बदरभागी छ। **ख.** विवादसंग सम्वन्धित कि.नं. ३५१ को क्षेत्रफल नक्सामा पूर्व पश्चिम राजमार्गसँग जोडिएको देखिन्छ भन्ने व्यहोराको नापी कार्यालय, हरिबन सर्लाही चलानी नं. ३९, मिति मिति२०७९।०४।०९ गतेको पत्र रहेको देखिन्छ। त्यसैगरी "हरिवन वडा नं. २(ग) कित्ता नं.३५१ क्षेत्रफल १-४-१३-० जग्गाको न्यूनतम मूल्यांकन रु.४,९३,००,०००।- को २ प्रतिशतले हुन आउने हालैदेखिको बकसपत्र (तीन पुस्ता भित्र) को राजश्व रु.९,८६,०००।- हुन आउँदा रु.२५,००,०००।- को २ प्रतिशतले हुने रकम रु. ५०,०००।- मात्र राजश्व दाखिला गरेको देखिंदा उक्त रकम घटाई बाँकी छुट राजश्व रु.९,३६,०००।- रकम फरक पर्न गएको" भन्ने मालपोत कार्यालय हरिवन सर्लाहीको पत्र तथा उल्लिखित कित्ता नं. ३५१ जग्गाको ३० फिट जग्गा पूर्व पश्चिम राजमार्गसँग जोडिएको देखिएको र उक्त जग्गा नक्सामा समेत ३० फिट नै पूर्व पश्चिम राजमार्गसँग जोडिएको देखिएको भन्ने व्यहोराको मिति२०७९।०८।०९गतेको स्थलगत मुचुल्काबाट समेत पुष्टि भईरहेको अवस्था देखिन्छ। जग्गामा बाटोले पहुँच छ कि छैन भन्ने कुरा महत्वपूर्ण हुन्छ यदि बाटोले छोएको मात्र छ भनेपनि उक्त जग्गालाई बाटो भएको जग्गामा गणना गरिन्छ तर अदालतले फैसला गर्दा उक्त जग्गाको मोहोडा भाग पुरै बाटोले छोएको अवस्था नदेखिएको भन्ने गलत आधार लिई सरकारलाई प्राप्त हुने राजश्वलाई छली/ढाँटी घटी राजश्व मात्र सरकारलाई दाखिला गरी आफूलाई फाईदा र सरकारलाई हानी नोक्सानी हुने कसूर गर्ने यी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ। **ग.** विशेष अदालतले प्रस्तुत मुद्दाको फैसला गर्दा निर्णयाधारमा विवादित कि.नं. ३५१ को जग्गामा राजमार्गबाट प्रवेश गर्ने प्रयोजनका लागि निकास बाटो देखिएको तथ्यलाई स्वीकार गरेको देखिन्छ भने उक्त कित्ता जग्गा प्रतिवादी गौरी कुमारीले आफ्नो सासुबाट वकसपत्र पाएको सो जग्गामा यी प्रतिवादीले लामो समय देखि भोगचलन गरेको देखिन्छ यसबाट निज प्रतिवादीलाई आफ्नो जग्गा बाटोले छोएको हो वा होइन भन्ने एकिन गर्न गाह्रो कुरा होइन भन्ने जो कोहीले पनि अनुमान गर्न सक्ने देखिन्छ। हाल यी प्रतिवादी गौरी कुमारीले आफ्नै छोरीलाई हालैदेखिको वकसपत्र गर्नका लागि नेपाल सरकारलाई कम राजश्व तिरी आफूलाई फाइदा पाउने दुषित मनसायले राजमार्गले छोएको जग्गा हो भन्ने जान्दा जान्दै बाटो नभएको जग्गा हो भनी उक्त जग्गाको सिफारिसका लागि वडा कार्यालयका वडा अध्यक्ष समक्ष निवेदन पेश गरेकोमा यी वडा

			न्यूनतम मूल्यभन्दा कम थैली रकम राखी गौरी कुमारीबाट हालैदेखिको बकसपत्रको लिखत पारित गरी लिई घटी राजश्व रकम तिरी सरकारी सम्पत्ति हानीनोक्सानी गरेको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा निज उपर रु.९,३६,०००।- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजायं गरी उक्त बिगो रकम समेत जफत गर्न मागदावी लिईएको		अध्यक्ष प्रतिवादी शम्भु कुमार मैनालीले समेत आफ्नो पदीय मूख्य जिम्मेवारी विपरित राजश्व प्रयोजनका लागि जग्गा सिफारिस जस्तो कार्यलाई बद्नियत राखी नेपाल सरकारलाई कम राजश्व तिर्ने गरी व्यक्तिलाई फाईदा पुग्ने गरी राजमार्गमा पर्ने जग्गालाई बाटो नभएको जग्गा भनी सिफारिस गरेको देखिन्छ। जग्गा बकसपत्र गरी पाउने प्रतिवादी हिराकुमारी श्रेष्ठले समेत आफ्नै आमाबाट आफूले पाउने जग्गामा बाटो छ छैन भन्ने एकिन भएकै अवस्थामा अत्यन्तै न्यून मात्र राजश्व तिरी उक्त जग्गा आफ्नो नाममा ल्याउने दुषित मनसाय राखी नेपाल सरकारले नियमानुसार पाउनु पर्ने राजश्व रकम घटी कायम गरी आफूले गैरकानूनी लाभ लिने र नेपाल सरकारलाई हानी पुऱ्याउने बदनियतले कार्य गरेको पुष्टि भई रहेको अवस्थामा उक्त तथ्यको विश्लेषण नगरी वडा कार्यालयको सिफारिसका आधारमा राजश्व कायम भएको अवस्थामा यि प्रतिवादीहरुको बदनिय पुष्टि नहुने भन्ने आधार ग्रहण गरी प्रस्तुत त्रुटीपूर्ण फैसला भएको देखिन्छ। यसै सन्दर्भमा, सर्वोच्च अदालत बुलेटिन, २०६६ मंसिर १, पूर्णाङ्क ४१७, पृष्ठ १९ र२० मा "**सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा दुरुपयोग भएको कुरा उसको व्यवहार (By conduct) बाट देखिने हुन्छ। By conduct अर्थात् कार्य तत्वले नै बदनियत तत्व र मनसाय तत्व पत्ता लाग्छ**" भन्ने सिद्धान्त विपरित प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुले गरेको कार्यमा बदनियत र मनसाय तत्वको विश्लेषण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ। अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा यी प्रतिवादीहरु शम्भुप्रसाद मैनाली, गौरी कुमारी र हिरा कुमारी श्रेष्ठलाई आरोप दावी बमोजिम सजाय हुनु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण देखिएकाले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ।